प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०४/२७
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ११०, ललितपुरमा १६, मकवानपुरमा १४, धादिङमा ११, भक्तपुरमा ७, काभ्रेमा ५, चितवनमा ३, नुवाकोटमा ३, सिन्धुपाल्चोकमा २, दोलखामा १ र रामेछापमा १ गरी जम्मा १७३ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ ।
- हिजो र आज गरी यस प्रदेशमा जम्मा ४ जनाको मृत्यु भएको छ । हिजोको मितिमा काठमाण्डौका ६४ र ७६ वर्षिया २ पुरुषको मृत्यु भएको थियो । आज सिन्धुपाल्चोककी ८४ वर्षीया महिलाको मनमोहन अस्पतालमा उपचार हुने क्रममा श्रावण २२ गते मृत्यु भएको थियो भने आज उहाँको पि.सि.आर नतिजा आज पोजिटिभ देखिएको छ । त्यस्तै किस्ट अस्पतालमा उपचाररत काभ्रेपलान्चोककी ५० वर्षीया महिलाको आज मृत्यु भएको छ । उहाँहरुको दुखद् मृत्युमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्न चाहन्छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको ८ प्रतिशत (८.३४%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएकाभन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २३९४८ (१००%) | १९९७ (१००%) |
| निको भएको | १६६६४ (६९.६%) | ६१८ (३०.९%)* |
| उपचाररत | ७२०१ (३०.१%) | १३६४ (६८.३%)* |
| मृत्यु भएको | ८३ (०.३%) | १५ (०.८%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०४/२७

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९६७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ११४२ जना बस्दै आउनुभएको र १४५० जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा १७४४ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ९६९ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७१२० जनाको आर डी टी परिक्षण गरिएकोमा ९०५ जनाको पोजिटिभ आएको छ र ४०७५१ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १३२ | १२८ | ५६० | ४९८ | १०८४८ | १०५१७ | ३३१ | १७०६४ | ११० | १०५९ |
| ललितपुर | ३४५ | ३१ | ८० | २२१ | १७४ | ४६३० | ४५७५ | ५५ | २५३८ | १६ | १५८ |
| भक्तपुर | ३१३ | १३ | १६५ | १२१ | १०१ | २३९६ | २३७६ | २० | ३३४१ | ७ | ९५ |
| रसुवा | २८७ | २४ | ० | ३५ | ० | ६५५ | ६४३ | १२ | १६९ | | १२ |
| नुवाकोट | ९७७ | ९७ | १०६ | ३८ | २२ | ३२९२ | ३१०२ | १९० | १५०३ | ३ | ६४ |
| धादिङ | ३१५ | ४५ | ९५ | ४५ | ९ | ३१३५ | २९९१ | १४४ | १५७१ | ११ | १५७ |
| चितवन | २४६५ | १८९ | ३०१ | ३५५ | ९२ | १८३८ | १८२३ | १५ | ६७३७ | ३ | १४० |
| सिन्धुली | ४३० | १६६ | ० | २४ | ३ | १२३० | ११९६ | ३४ | १५६२ | | ३५ |
| मकवानपुर | ४०७ | ९५ | ३५७ | १०९ | ३५ | १९३९ | १९१९ | २० | २५५३ | १४ | ९७ |
| रामेछाप | ४३६ | ६५ | ० | १२७ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | १ | ४७ |
| दोलखा | ९८६ | ६३ | १५ | ४१ | ० | १७४६ | १७३२ | १४ | ४५८ | १ | १६ |
| काभ्रे | ८५१ | ११७ | ११९ | २८ | २३ | ३०६४ | ३०१५ | ४९ | ८११ | ५ | ३८ |
| सिन्धुपाल्चोक | ८१५ | १०५ | ८४ | ४० | ३ | १४५५ | १४४२ | १३ | १९४५ | २ | ७९ |
| जम्मा | ९६७७ | ११४२ | १४५० | १७४४ | ९६९ | ३७१२० | ३६२१५ | ९०५ | ४०७५१ | १७३ | १९९७ |

श्रोत; पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

## ❖ हेटौडा स्थित प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


हेटौडास्थित प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | परिक्षण हुने क्रममा रहेको स्वाबको संख्या |
|---|---|---|---|---|---|
| | | | पोजिटिभ | नेगेटिभ | |
| १६११८ | २१३ | २५२ | ३९ | २१३ | ७०६ |

हिजो परिक्षण हुने क्रममा रहेको र आज परिक्षण भइसकेको स्वाब (नमुना) मध्ये सबै मकवानपुरको १३, बाराको १३, रौतहटको ११ त्यस्तै फलो-अप २ गरी जम्मा ३९ वटा नमुनाको नतिजा पोजिटिभ आएको छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको  विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/२७

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोत: EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०४/२७

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश: http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय: https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय: https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र: ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा: http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपाल: https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई